छलफल तथा निर्णयहरु

१. मिति २०७४/११/०३ मा वर्तमान सरकार गठन भएपश्चात नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/११/२८ को बैठकले राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश,२०७४ स्वीकृत गरेको । उक्त आदेशबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०१/११ को निर्णयले माननीय उपाध्यक्षसहित ७ (सात) सदस्यीय आयोगको गठन भई कार्यसम्पादन गर्दैआएको छ । यसै सन्दर्भमा सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूबाट माननीय उपाध्यक्षज्यूलाई प्रदान भएको कायदिशको कार्यान्वयनका साथै नेपालको आर्थिक, सामाजिक विकासलगायतका दीर्घकालीन सोच, नीति तथा योजना तर्जुमा लगायतका कार्यहरूमा संलग्न रही पन्ध्रौं योजना तर्जुमा, दिगो विकास लक्ष्य कार्यान्वयन र तहगत सरकारहरूबीचको समन्वय लगायतका कार्यहरू आरम्भसमेत भैसकेको हुँदा गठन आदेशले निर्देश गरेका जिम्मेवारीहरूलाई बहन गर्न आयोगलाई विशिष्टकृत निकायका रूपमा निरन्तरता दिनु आवश्यक देखिएको राय पठाउने ।

२. नेपालको दीर्घकालीन सोच तयार गर्ने सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट तयार भएको अवधारणा पत्र प्रस्तुत भई सो उपर छलफल भयो । उक्त अवधारणा-पत्र उपर बैठकमा प्राप्त सुझावहरुलाई समेटी परिमार्जन सहितको अवधारणा पत्र श्रावण महिनाभित्र नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने गरी आवश्यक प्रकृया अघि बढाउने ।

३. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत प्रदेश सरकार तथा स्थानीय तहको विनियोजित बजेट र खर्चको विवरण प्राप्त गर्ने सम्बन्धी प्रस्तावलाई बैठकमा प्राप्त सुझावहरुसहित स्वीकृत गर्ने ।

४. राष्ट्रिय योजना आयोगका कृषि क्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूको संयोजनमा तयार भएको 'नेपालमा खाद्य तथा पोषण सुरक्षाको रणनीतिक समीक्षा' (Strategic Review of Food and Nutrition Security in Nepal) सम्बन्धमा तयार भएको प्रतिवेदन प्रस्तुति एवम् छलफल भयो । उक्त प्रतिवेदनलाई बैठकमा प्राप्त सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन तयार गर्ने निर्देशन दिइयो ।

५. 'राष्ट्रिय मानवश्रोत विकास योजना २०१९-२०३०' (National Human Resource Development Plan: 2019-2030) सम्बन्धमा अक्सफोर्ड पोलिसी म्यानेजमेण्टबाट तयार गरिएको अवधारणा पत्र बैठकमा प्रस्तुति भयो। उक्त अवधारणा पत्रलाई बैठकमा प्राप्त सुझावहरुलाई समेटी सामाजिक विकास क्षेत्र हेर्नुहुने माननीय सदस्य डा. उषा झाज्यूको नेतृत्वमा थप परिस्कृतरुपमा तयार गरी प्रकृया अघि बढाउन सैद्धान्तिक स्वीकृति दिने । साथै, अक्सफोर्ड पोलिसी म्यानेजमेण्ट अध्ययन समूहका नेतृत्वकर्ता डा. सुरेश तिवारीसमेतको समूहलाई निःशुल्करुपमा अवधारणा पत्र तयार गर्नु भएकोमा धन्यावाद दिने ।

६. काठमाडौं उपत्यकभित्र संचालन हुने र भइरहेका क्षेत्रगत विकासको प्रक्रिया एवम् पूर्वाधार विकास निर्माणका कार्यलाई प्रभावकारी र गुणात्मकरुपमा अघि बढाउन अन्तर सरकारी निकायहरुबीचको समन्वय, सहकार्य र साझेदारीलाई थप प्रभावकारी बनाउँदै लैजान सम्वद्ध अन्तरसरकारी निकायहरुको उपस्थिति रहनेगरी नीति संवाद कार्यक्रमको आयोजना गर्न सैद्धान्तिक स्वीकृति दिने।

७. समृद्धि र विकासका लागि नागरिक संगठनसँगको साझेदारीसम्बन्धी नीति निर्माण सम्बन्धमा आवश्यक अध्ययन गर्नका लागि सैद्धान्तिक सहमति दिने । यससम्बन्धी अवधारणापत्र र कार्यक्षेत्रगत शर्त सुशासन क्षेत्र हेनुहुने माननीय सदस्य श्री मीनबहादुर शाहीज्यूको नेतृत्वमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट तयार गरी आयोगको आगामी बैठकमा पेश गर्ने ।